DOI: https://doi.org/10.3126/cognition.v6i1.64463

# ऋग्वैदिक समाजमा नारीका सामाजिक स्थान र भूमिका
## (SOCIAL POSITION AND ROLE OF WOMEN IN RIG-VEDIC SOCIETY)

**अमृतादेवी शर्मा**[१]

***लेखसार***

*ऋग्वेदमा नारीहरूको ईश्वरीय स्वरूप र प्राकृतिको मानवीकृत नारीस्वरूपको बन्दना र स्तुति गरिएको छ भने मानवीय स्वरूपमा आएका नारीहरूका विभिन्न पृथक भूमिकाको चित्रण छ । यहाँ ईश्वरीय, प्रकृतिको मानवीकृत स्वरूप र मानवीय स्वरूपमा आएका नारीहरू अस्तित्वपूर्ण, स्वतन्त्र, आत्मनिर्णयी, पराक्रमी, धीर र बुद्धिमतायुक्त देखिन्छन् र यिनीहरूले मन्त्रद्रष्टा, योद्धा, माता, प्रेमिका, पत्नीलगायतका भूमिकामा रहेर विभिन्न सामाजिक भूमिका निर्वाह गरेका छन् । यस अध्ययनमा ऋग्वैदिक नारीका सामाजिक स्थान र भूमिकाको मूल्याङ्कन गर्न मानवशास्त्री मोर्गनका मान्यतालाई अनुसरण गर्दै एङ्गेल्सले प्रस्तुत गरेको समाजविकासको चरण र यी चरणमा नारीको सामाजिक स्थान र भूमिकासम्बन्धी मान्यतालाई सैद्धान्तिक मान्यताका रूपमा अनुसरण गरिएको छ। यस अध्ययनबाट यस ग्रन्थमा रहेको यम यमी संवादले हाडनाताभित्रको यौनसम्बन्धमा आधारित पारिवारिक संरचनालाई र उर्वशी पुरुवा संवादले स्थायी परिवारिक संरचनाको विकास नभएको मातृवंशमा आधारित बर्बर युगको उन्नत चरणको समाजलाई देखाएका छन् । यु अ यी समाजमा नारीहरू हरेक रूपले स्वतन्त्र रहेको अवस्थालाई देखाएका छन् भने सूर्याविवाहसूक्त, शचीपौलोमीसूक्त, इन्द्राणीसूक्तलगायतले परिवारको उत्पत्ति र विकासका साथै पितृवंशमा आधारित समाजविकासको गतिभित्र नारीको सामाजिक स्थान र भूमिका क्रमशः खुम्चिँदै जान थालेको अवस्थालाई देखाएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : उपासना, ऋग्वैदिक, ऐश्वर्यप्रदायक, मन्त्रद्रष्टा, सर्वोच्च शक्ति

## १. विषयपरिचय

ऋग्वेदलाई संसारकै प्रचीन ग्रन्थ मानिएको छ । यो समग्र मानव समाजका लागि ज्ञानको साझा भण्डार हो भने प्राचीन समाजको ज्ञान र अनुभवको सार पनि हो । यस ग्रन्थमा प्रकृति, जीवनजगतलगायत समाजविकासको अत्यन्तै प्राचीन अवस्थादेखि विकसित वैज्ञानिक समाजका दृश्यहरूसमेत समावेश भएका छन् । सम्पूर्ण ब्रह्माण्डको विपुल ज्ञानराशि समावेश भएको यस ग्रन्थमा रहेका एक हजार पाँच सय असी सूक्तका द्रष्टाहरू पुरुष र महिला ऋषिहरू हुन् । यस ग्रन्थका केही ऋचाहरूले समाजविकासको सुरुवाती अवस्थामा नारीको सामाजिक स्थान, तिनीहरूको भूमिका, महत्त्व र आवश्यकतालाई चित्रित गरेका छन् भने

१. उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, नेपाल, ईमेलः amritaregmi99@gmail.com

*Received on Oct. 23, 2023* *Accepted on Dec. 18, 2023* *Published on Jan. 31, 2024*

केही ऋचाहरूले समाजपरिवर्तनको गतिसँगै सामाजिक रूपमा खस्कँदै गएको नारीको स्थान र भूमिकालाई पनि प्रस्तुत गरेका छन् । ऋग्वेदका ऋचाहरूमार्फत प्रस्तुत भएको नारीको सामाजिक अवस्था, स्थिति र भूमिकाको अध्ययनबाट समाजविकासको ऐतिहासिक अवस्थाको अध्ययन गर्न सकिन्छ। यस ग्रन्थमा अभिव्यक्त नारीसम्बन्धी दृष्टिकोणको विश्लेषणबाट तत्कालीन समाजमा नारीहरूको भूमिका र योगदानका साथै उनीहरूको सामाजिक भूमिकाका सन्दर्भमा व्यक्त भएका तत्कालीन सामाजिक विचारधाराको विश्लेषण र मूल्याङ्कन हुन्छ। त्यसैले ऋग्वैदिक समाजमा नारीको सामाजिक अवस्था र भूमिकाको अध्ययन प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण र शोधमूलक रहेको छ । यस अध्ययनमा उपर्युक्त जिज्ञासालाई समाधान गर्ने उद्देश्यप्राप्तिका निम्ति प्रस्तुत ग्रन्थमा अभिव्यक्त नारीको सामाजिक अवस्था र भूमिकाको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययनको उद्देश्य ऋग्वेदमा आएका नारीपात्रहरूको सामाजिक अवस्था र स्थितिका विविध आयामहरूको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ। यस ग्रन्थमा तत्कालीन समाजमा रहेका नारीका विभिन्न सामाजिक अवस्था र स्थितिको चित्रण पाइन्छ। ऋग्वेदमा प्रस्तुत नारीका सामाजिक अवस्था र भूमिकाको अध्ययनका लागि फ्रेडरिक एङ्गेल्सको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति पुस्तकमा प्रस्तुत भएका समाजविकाससम्बन्धी चिन्तनलाई विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ। एङ्गेल्सले समाजविकासको आदिम युगमा मातृसत्तात्मक समाज रहेको र बढ्दो जनसङ्ख्याका आवश्यकताहरूले श्रमविभाजनसँगै अधीनस्थताको विकास गरेको र सन्तानोत्पादन र स्याहारसुसारका कार्यहरूले गर्दा महिलाहरू घरभित्रका कार्यमा व्यस्त हुने र पुरुषहरू अन्य कार्यमा लाग्ने परिस्थितिले लङ्गैगिक विभेदको स्थिति सिर्जना भएको हो भन्ने मान्यता प्रस्तुत गरेका छन् (एङ्गेल्स, २०६४ पृ.१२८) । प्रस्तुत अध्ययनमा ऋग्वेदका ऋचाहरूमा चित्रित नारीका विभिन्न अवस्था र समाजमा तिनीहरूले खेलेका भूमिकाको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत अनुसन्धानका लागि निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय कार्यबाट ऋग्वेदमा रहेका नारीविषयमा आधारित विभिन्न ऋचाहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। यी सङ्कलित तथ्यको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति समाजविकासका सम्बन्धमा एङ्गेल्सको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति पुस्तकलगायत अन्य विभिन्न सैद्धान्तिक र प्रायोगिक कृतिलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। उपर्युक्त सामग्रीहरूको प्रयोग गरी ऋग्वेदमा चित्रित भएको सामाजिक व्यवस्थाको विश्लेषणका साथै त्यस समाजमा नारीका भूमिकाको अन्वेषण गर्न ऋग्वेदको परिचय, ऋग्वैदिक समाजको स्वरूप, ऋग्वेदमा नारीको स्वरूप, ऋग्वैदिक समाजमा नारीका सामाजिक भूमिका गरी चारवटा पर्याधारको निर्माण गरिएको छ भने नारीका विविध भूमिकाको विश्लेषणका लागि योद्धाका रूपमा नारी, मन्त्रद्रष्टाका रूपमा नारी, ऐश्वर्यप्रदायक शक्तिका रूपमा नारी र पारिवारिक भूमिकामा नारी गरी चारवटा सूचकहरूको निर्माण गरिएको छ र पाठविश्लेषण विधिबाट अर्थापनमा पुगिएको छ ।

## ३. ऋग्वेदको परिचय

ऋग्वेद मानव सभ्यताले प्राप्त गरेको सम्भवतः प्राचीनतम ग्रन्थ हो । यसमा दश मण्डल र एक हजार अठ्ठाइसवटा सूक्त र दश हजार छ सय ऋचा रहेका छन् । महिला र पुरुष गरी एक सय एकासी जना ऋषिहरूले यी ऋचाहरूको रचना गरेको देखिन्छ । यो विभिन्न समयका आर्य संस्कृतिलाई मान्ने मानव समुदायद्वारा रचित ग्रन्थ हो । ऋग्वेदको रचनाका समयमा लेखनकलाको विकास भइनसकेकाले गर्दा यो श्रुतिपरम्पराबाट संरक्षित हुँदै र पुस्तागत रूपमा हस्तान्तरित हुँदै अगाडि बढेको हो । आदिम साम्ययुगमा त्यस बेलाका जनताले विभिन्न समय र स्थलमा रचना गरेका र हजारौँ वर्षदेखि पुस्ता दरपुस्ता सम्झँदै आएका अनेक मन्त्रहरूलाई खोजेर सम्झनाका आधारमा वा आफ्नै कल्पनाका बलमा ऋषिहरूद्वारा रचित नयाँ मन्त्रहरूसमेत रहेको वेदसंहितामा सङ्गृहीत अनेकौँ मन्त्रहरू एउटा व्यक्तिद्वारा रचिएको नहुनु स्वाभाविक थियो (आचार्य, २०७३, पृ.२४०) । यो ग्रन्थ कुनै एउटा व्यक्ति वा एक समयको समाजद्वारा नभई विभिन्न समाज र युगद्वारा सिर्जना भएको हो । तत्कालीन मानव समाजको साझा सम्पत्तिका रूपमा रहेको यो ग्रन्थ कुनै अलौकिक शक्तिद्वारा प्रदान गरिएको नभई त्यस युगको सामूहिक श्रमको परिणति हो जसलाई प्राचीन मानव समाजले निर्माण गरेको हो । यस ग्रन्थमा मानव मनमस्तिष्कको प्रथम उद्वेलन, कवित्वको चमकका साथै प्रकृतिको प्रियता र रहस्यबाट प्राप्त परमानन्द भेट्न सकिन्छ (नेहरू, १९९४, पृ.७९) । यसका विभिन्न ऋचाहरूमा सृष्टिप्रक्रियादेखि लिएर पुर्खाहरूको जन्मथात, शीक्षादीक्षा, लेख्ने चलन, नाच, गान, लुगा लगाउने चलन, दान दक्षिणा, खानपान, जेथा, निर्वाह, पशुपालन, खेतीपाती, व्यापार, शिल्प, धर्म, धर्मग्रन्थ, नारीशिक्षा, आचार, विचार, रोग ओखती, राजा, प्रजा, मन्त्रीगण, जनसभा, न्याय, दुर्ग, मुद्रा, ऋण मरण, पुनर्जन्म, बिहाबारी, उत्तराधिकारी आदि विषयमा पूर्वज पुर्खा हिन्दुहरूको स्वरूप परिचय गराइएको छ (प्रपन्नाचार्य, २०६७, पृ.द-ध) । यहाँ प्रस्तुत भएका ऋचाहरूले प्राचीन समाजविकासको विशाल अवधिलाई समेटेका छन् ।

ऋग्वैदिक सूक्तहरूको रचनाकालका सम्बन्धमा विभिन्न धारणा प्रस्तुत भएका छन् । जवाहरलाल नेहरूले धेरैजसो विद्वानूहरूले ऋग्वेदलाई ई. पू. १५०० तिरको ग्रन्थका रूपमा स्वीकार गरेका छन् भन्ने मान्यता प्रस्तुत गरेका छन् (नेहरू, सन् १९९४, पृ.७७) । ब्लुमफिल्डले यस ग्रन्थको रचना ई.पू. १५०० वा २००० वर्ष पहिला भएको हुनसक्ने मान्यता राखेका छन् (ब्लुमफिल्ड, सन् १९०८, पृ.२०) । मानव सभ्यता र संस्कृतिको आदिम अवस्थादेखि विकसित हुँदै गरेको मानव समाजको स्वरूपलाई प्रस्तुत गर्ने यो ग्रन्थ मानव समाजको आदिम युगलाई हेर्ने आँखीझ्याल पनि हो । यस ग्रन्थमा प्रस्तुत भएका सामाजिक चित्रहरूमार्फत त्यस समाजको आर्थिक, सामाजिक स्वरूपका साथै नारीपुरुषबिचका आपसी सम्बन्धलाई स्पष्ट रूपमा देख्न सकिन्छ । यसमा प्राचीन समाजको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्थाको काव्यिक, कलात्मक र बृहत् चित्रण गरिएको छ । यसको सिर्जनाप्रक्रियाका सम्बन्धमा आध्यात्मवाद र भौतिकवादले भिन्नभिन्न मान्यता प्रस्तुत गरेका छन् ।

भौतिकवादी दर्शदले ऋग्वेदलाई तत्कालीन सामाजिक परिवेशको उपज मानेको छ । यस चिन्तनका अनुसार यो आर्य सभ्यता र संस्कृतिको ऐतिहासिक दस्तावेज हो । यो वैदिक समाज र सभ्यता आफूलाई आर्य मान्ने मानव समुदायले निर्माण गरेको समाज र सभ्यता हो (भुसाल, २०७७, पृ.३१) । यो विभिन्न समयका कविहरूले विभिन्न परिवेशमा अनेक उद्देश्यले रचना गरेका कविता र गीतहरूको सङ्ग्रह हो (चट्टोपाध्याय,

सन १९९३, पृ.२०७) । यस ग्रन्थले आर्य सभ्यता र संस्कृतिको प्राचीन अवस्थालाई चित्रित गरेको छ साथै मानव समाजको भौतिक र बौद्धिक विकासको गतिलाई प्रस्तुत गरेको छ। यस ग्रन्थका अनगिन्ती सूक्तहरूले त्यस युगको ईश्वरवादी आस्थालाई प्रस्तुत गरेका छन् भने अन्य सूक्तहरूले समाजमा लैङ्गिक विभेदको अवस्था, उत्पादक श्रमको उपलब्धी र स्थिति, कृषिव्यवसाय, युद्धका सामग्रीहरू, मानवीय मूल्य सदाचार तथा रीतितिथिका साथै समाजविरोधी अपराधहरूका विवरणबारे पनि जानकारी दिएका छन् (दीक्षित, २०६९, पृ.३८) । वैदिक मन्त्रका सर्जकहरूले आफ्नो समुदायको सुख, समृद्धि, स्वास्थ्य, दीर्घजीवन, सन्तान एवं पशुधन प्राप्ति, शत्रुमाथि विजय र पापबाट मुक्ति आदिको चाहना र कामना गरेका छन् त्यसैले तिनीहरू वास्तवमा तत्कालीन सामाजिक जीवनका उपज नै हुन् (भुसाल, २०७७, पृ.१६) । यस दर्शनले ऋग्वेदलाई  बिनासर्जकको सिर्जना होइन भन्ने मान्यता प्रस्तुत गरेको छ। यो मानव समाजको विभिन्न युग र अवधिमा व्यक्तिहरूको सामुहिक प्रयासले लौकिक मौखिक परम्परामा हुर्कंदै अघि बढेको ग्रन्थ हो ।

पूर्वीय आध्यात्मिक मान्यताले भने वेदलाई अलौकिक र ईश्वरप्रदत्त ग्रन्थका रूपमा परिभाषित गरेको छ। यसले वेदलाई आर्यहरूको साम्प्रदायिक ग्रन्थ नभई समस्त भूमण्डलमा बस्ने समस्त मानवको सबैभन्दा पहिलो साहित्य, पहिलो बोली, पहिलो शब्द, हिमालय पर्वतमा बस्ने शिवलाई प्राप्त गराइदिने, कल्याणकारी ईश्वरसँग प्रत्यक्ष भेट गराइदिने साधन (प्रपन्नाचार्य, २०६७, पृ.१) मानेको छ। यसले मानवजातिको लौकिक अर्थात् सांसारिक र पारमार्थिक उन्नति गराइदिने अभिप्रायले अत्यन्तै कठोर तपस्या गर्ने पुण्यका थुप्रोरूपी ऋषिहरूको पवित्र अन्तःकरणमा वेदको दर्शन भएको थियो (वत्स, २०८०, पृ.१३) भन्ने मान्यता प्रस्तुत गरेको छ। यसका अनुसार वेद लौकिक र अलौकिक ज्ञान प्राप्त गर्ने माध्यम हो। यस दर्शनले यी सूक्तहरूको रचना कुनै मानवबाट भएको नभई ईश्वरद्वारा भएको र ऋषिहरूले यिनको दर्शन गरेका वा देखेका हुन् भन्ने मान्यता राखेको छ। त्यसैले यस चिन्तनले यिनीहरूलाई स्रष्टाका रूपमा नभई द्रष्टाका रूपमा चित्रित गरेको छ।  यस दर्शनले वेदलाई ईश्वरीय सिर्जनाका रूपमा चित्रण गरेको छ। यो वेदका सिर्जनप्रक्रियाका बारेमा गरिएको आत्मवादी रहस्यवादी चिन्तन हो जसको कुनै वस्तुगत र प्रामाणिक आधार देखिदैन ।

## ४. ऋग्वैदिक समाजको स्वरूप

ऋग्वेदमा समाज विकासको प्राचीन अवस्थाको चित्रण भएको छ। सामाजिक सङ्गठनको प्रारम्भ जहाँ पनि परिवारबाट नै भएको पाइन्छ र सबैतिर परिवार, गोत्र र जन हुँदै समाज विकासको प्रक्रिया अगाडि बढेको पाइन्छ (भुसाल, २०७७, पृ.७२) । समाजशास्त्री एल.एच मोर्गनले रक्तसम्बन्धमा आधारित वा एउटै वंशका मानवसमूह वा प्रारम्भिक सामाजिक सङ्गठनबाट नै समाज विकासको गति अगाडि बढेको हो (मोर्गन, सन् १८७७, पृ.६२) भन्ने मान्यता राखेका छन्। उनकै अध्ययनमा आधारित रहेर एङ्गेल्सले समाजविकासको गति आदिम जङ्गली युग, बर्बर युग हुँदै उन्नत चरणमा अगाडि बढेको (एङ्गेल्स, २०६४, पृ.१२७) दृष्टिकोण राखेका छन्।  उनका अनुसार प्राचीन युग मातृसत्तात्मक थियो र सबै जङ्गली जातिहरू र बर्बर युगका निम्न मध्यम तथा अंशतः उन्नत तहमा रहेका सबै जातिहरूमा स्त्रीहरू स्वतन्त्र मात्र थिएनन् उनीहरू सबैका सम्मान र आदरका पात्र हुन्थे (एङ्गेल्स, २०६४, पृ.१३७) । समाजविकासको गतिको यही प्रतिबिम्ब ऋग्वैदिक समाजमा पनि देख्न सकिन्छ ।

ऋग्वैदिक समाजले कुनै निश्चित र छोटो अवधिलाई नभई समाजविकासको लामो कालखण्डको प्रतिनिधित्व गरेको छ त्यसैले यस समाजमा नारीहरूको सामाजिक स्थान पनि पृथक्पृथक् रहेको देखिन्छ । एङ्गेल्सले समाजविकासको आदिम युग साम्यवादी अवस्थामा रहेको र त्यस समयमा विवाह र पारिवार जस्ता संस्थाको उत्पत्ति भइनसकेको धारणा राखेका छन् । उनले मानव सभ्यताको विकासका क्रममा विवाह र परिवार संस्थाको उत्पत्ति भएको र यसको विकसित स्वरूप एकविवाहमा आधारित पारिवारिक संरचना भएको र यसको विकाससँगै समाज आधुनिक सभ्य युगमा प्रवेश गरेको धारणा राखेका छन् ।

ऋग्वैदिक युगले विवाहसंस्थाको उत्पत्ति भएपछिको समाजको प्रतिनिधित्व गरेको छ। ऋग्वेदमा त्यस युगमा विवाहसंस्थाको विकासका विभिन्न चरण र स्वरूप देखिन्छन् । यहाँ विवाहसंस्थाले स्थायी स्वरूप प्राप्त नगरेको अवस्थाका साथै स्थायी स्वरूप प्राप्त गरेका अवस्थाहरू चित्रित भएका छन् । त्यस युगले समाजविकासको लामो अवधिलाई वहन गरेकाले त्यसभित्र विवाहसंस्थाका विभिन्न स्वरूप र अवस्था आएका हुन् । यस संस्थाले स्थायी रूपमा पारिवारिक भूमिकाभित्र नारीलाई बन्धित तुल्याउने स्थिति प्राप्त गरिनसकेको र नारीहरू यस सम्बन्धमा रहेर पनि यौनस्वतन्त्रताका अवस्थामा रहेको र चयन र वरणको स्वतन्त्र अधिकार उनीहरूमा निहित रहेको अवस्थालाई उतथ्यकी पत्नी ममता, दीर्घतमाकी पत्नी प्रद्वेषीलगायत विभिन्न नारीहरूका यौनजीवनबाट प्रस्तुत भएको छ (दीक्षित, २०६९, पृ.८०) । यस समयमा नारीहरू हरेक दृष्टिले स्वतन्त्र थिए र उनीहरूमा चयन र वरणको स्वतन्त्र अधिकार रहेको थियो भन्ने सङ्केत यम यमी संवाद र पुरुरवा उवर्शी संवादमा देखिन्छ । त्यस युगमा हाडनाताभित्र यौनसम्बन्ध स्वीकार्य रहेको अवस्था पनि देखिएको छ । यस ग्रन्थको यम यमी संवाद (ऋग्वेद, २०६३, पृ.८५४-८५५)ले हाडनाताको यौनसम्बन्ध स्वीकार्य रहेको सामाजिक अवस्थालाई दर्शाउने काम गरेको छ । ऋग्वेदको दसौँ मण्डलको दसौँ सूक्तमा रहेको यम यमी संवादमा नौकाजस्तो भएर संसाररूपी समुद्र तर्नका लागि पिताका लागि नातीरूपी रूपमा असल सन्तान जन्माउन आफूहरू एकाकार हुनका लागि बहिनी यमीले दाजु यमलाई आग्रह गरेकी छ । यहाँ यमीले आफूहरूको साहचर्यमा कुनै दोष नभएको तर्क प्रस्तुत गरेकी छ (ऋग्वेद, २०६३, पृ.८५४-८५५) । यसले एकातर्फ हाडनाताबिचको यौनसम्बन्ध कायम रहेको तत्कालीन आर्यसमाजको चित्र प्रस्तुत गरेको छ भने अर्कातर्फ नारीहरूको यौनजीवन स्वतन्त्र र स्वच्छन्द रहेको तत्कालीन अवस्थाको चित्रण पनि गरेको छ । हाडनातामा आधारित यौनसम्बन्ध स्वीकार्य रहेको समाजलाई एङ्गेल्सले बर्बर युगको अवधि मानेका छन् । मदनमणि दीक्षितले पनि यम यमी सम्वादको घटना बर्बर युगमा भएको थियो भन्ने अनुमान गरेका छन् (दीक्षित, २०६९, पृ.९४) । समाजविकासको ऐतिहासिक स्वरूपअनुसार यहाँ बर्बर युगको सामाजिक चरित्र देखिन्छ । त्यस्तै यस ग्रन्थमा रहेको पुरुरवा उवर्शी संवाद (ऋग्वेद, २०६३, पृ.९६७-९६८) ले नारी र पुरुष दुवै पारिवारिक स्थायी दायित्व पूरा गर्नुपर्ने अवस्थामा नरहेको र दुवैलाई यौनसाहचर्यका लागि चयन र वरणको स्वतन्त्रता रहेको अवस्थालाई दर्शाएको छ । पुरुरवा उर्वशी संवादले नारीहरू पारिवारिक भूमिकाभित्र बन्धित अवस्थामा नरहेको समाजिक अवस्थालाई प्रस्तुत गरेको छ तर सम्पत्तिको पुस्तागत हस्तान्तरणका लागि पुरुषलाई आफ्नो वंशको उत्तराधिकारका रूपमा पहिचानसहितको छोरा सन्तानको आवश्यकता महसुस भएको र त्यसै उद्देश्यपूर्तिका लागि उर्वशी चार वर्ष पुरुरवासँग बसेर छोरा सन्तान जन्माइदिएको सन्दर्भले त्यस समाजमा क्रमशः पितृसत्ताको भ्रुण विकास हुँदै गरेको अवस्थालाई पनि सङ्केत गरेको छ । यम यमी संवाद र पुरुरवा उवर्शी संवाद दुबैले विवाहसम्बन्धले स्थायी स्वरूप प्राप्त गरिनसकेको समाजलाई चित्रित गरे तापनि यी दुवै घटना एउटै युग र अवधिका भने होइनन् । यीमध्ये

यमयमी संवादले ऋग्वेदमा प्रस्तुत भएको समाजको सबैभन्दा प्राचीन अवस्थालाई चित्रण गरेको छ भने पुरुरवा उवर्शी सम्वादले त्यसभन्दा विकसित अवस्थामा आइसकेको समाजको प्रतिनिधित्व गरेको देखिन्छ ।

ऋग्वैदिक समाज हाडनाताभित्रको यौनसम्बन्ध स्वीकार्य रहेको सामाजिक संरचनादेखि बहुविवाह हुँदै एकनिष्ठ परिवारको उत्पत्ति र विकास भएको सामाजिक संरचनायुक्त समाज हो । एङ्गेल्सले एकनिष्ठ विवाहको विकाससँगै समाज आधुनिक सभ्य युगमा प्रवेश गरेको मान्यता प्रस्तुत गरेका छन् । ऋग्वैदिक युगमा एकनिष्ठ विवाहको विकास भइसकेको अवस्था देखिन्छ । ऋग्वैदिक समाजले नै विवाहलाई धार्मिक मान्यता प्रदान गरेको र यसैमार्फत पातिव्रत्यमा रहन नारीलाई बाध्य पार्ने सामाजिक परिपाटीको स्थापना गरेको देखिन्छ । ऋग्वेदमा नारीहरूका लागि एकनिष्ठ विवाहलाई अनिवार्य बनाइएको र उनीहरूलाई पातिव्रत्यमा रहन बाध्य तुल्याइएको अवस्थाको चित्रण गरिएको छ । विवाहले वैदिक मन्त्रोच्चारण र पद्धतिसहित मान्यता प्राप्त गरेको अवस्थालाई दसौँ मण्डलको ८५औँ सूक्तमा आएको सूर्याविवाह सन्दर्भले स्पष्ट गरेको छ । यस सूक्तका ४७वटा श्लोकहरूमा विवाहपद्धतिको त्यो वैदिक स्वरूप भेट्न सकिन्छ जहाँ ग्रहनक्षत्र मिलाएर गरिएको कन्याबिदाइको सन्दर्भका साथै पिताकुलबाट छोरीलाई मुक्ति र पतिका कुलमा आबद्धता, आजीवन सँगै रहने आशीर्वचन, पिताद्वारा सम्पत्ति प्रदानलगायत सन्दर्भहरू (ऋग्वेद, २०६३, पृ.९४६-९५०) प्रस्तुत भएका छन् । एङ्गेल्सले एकनिष्ठ परिवार बर्बर युगको मध्य तथा उन्नत चरणहरूको दोसाँधमा युग्म परिवारबाट उत्पन्न भएको र यस प्रथाको अन्तिम विजय सभ्य युगको प्रादुर्भावको एक लक्षण भएको धारणा राखेका छन् (एङ्गेल्स, २०६४, पृ.१४७) । समाजविकासको गति अघि बढ्दै जाँदा विवाह संस्थाको उत्पत्ति अर्थात् स्थायी सम्बन्धमा आबद्ध हुन थालेको नारी र पुरुषबिचको सम्बन्धलाई सूर्याविवाहका यी सन्दर्भले स्पष्ट गरेका छन् । ऋग्वेदको दसौँ मण्डलको ४०औँ र ४१औँ श्लोकमा सूर्याविवाहका सन्दर्भमा आएको विवाहपद्धतिको सन्दर्भ, दाइजोको सन्दर्भ, बहुपति विवाहसम्बन्धी सन्दर्भ, पत्नीत्यागको सन्दर्भ, पतिले पत्नी दान दिएको सन्दर्भका साथै यसै मण्डलको एक सय ५९ औँ सूक्तमा शची पौलोमीका सौतासम्बन्धी धारणा (ऋग्वेद, २०६३, पृ. ८९३/१०२७) ले त्यस समयमा नारीपुरुषबिचको सामाजिक सम्बन्धको अवस्था र स्थितिलाई प्रस्तुत गरेका छन् ।

ऋग्वेदमा आएका नारीपुरुषबिचका आपसी सम्बन्धहरूको अध्ययनले तत्कालीन समाज हाडनाता सम्बन्धभित्रको यौनसम्बन्ध स्वीकार्य हुने समाजदेखि क्रमशः विकसित भई बहुपति र बहुपत्नीको पारिवारिक स्वरूप र संरचनाका हुँदै स्थायी विवाहमा एकल पारिवारिक संरचनातर्फ अगाडि बढेको अवस्था देखिन्छ । खासगरी पुरुरवा उर्वशी संवादलाई हेर्दा त्यस समाजमा निजी सम्पत्तिको उदय भएको अवस्थालाई पुरुरवाले आफ्नो पशुधनलाई हेर्न छोरा सन्तानको आवश्यकता देखेको र यसका लागि उर्वशीलाई चार वर्ष आफूसँगै राखेर छोरा जन्माएको सन्दर्भले चित्रित गरेको छ । यसप्रकार निजी सम्पत्तिको सुरुवातसँगै सम्पत्तिको पुस्तागत हस्तारणका लागि पुरुषले आफ्नो सन्तानको आवश्यकताबोध गरेको र त्यसैको परिणतिस्वप विवाहसंस्थाको विकास भएको र यसले स्थायी स्वरूप प्राप्त गरेको अवस्था ऋग्वेदकालीन समाजमा चित्रित भएको छ । यसरी हेर्दा ऋग्वैदिक युगले समाजविकासको इतिहासमा बर्बर युगको उन्नत चरण हुँदै क्रमशः वैज्ञानिक युगमा अगाडि बढेको समाजलाई प्रतिनिधित्व गरेको छ ।

## ५. ऋग्वेदमा नारीका स्वरूप

ऋग्वेदमा नारीका विभिन्न स्वरूप प्रस्तुत भएका छन् । यहाँ नारीशक्तिको उपासना गरिएको छ । ऋग्वेदका सूक्तहरूमा संरक्षणकर्ता, संहारक, बुद्धिमतायुक्त र ऐश्वर्यप्रदायक शक्तिका रूपमा नारीको उपासना गरिएको छ साथै नारीलाई संसारकै प्रमुख शक्तिका रूपमा पनि चित्रित गरिएको छ । यस ग्रन्थमा नारीलाई ईश्वरीय र मानवीय स्वरूप प्रदान गर्नाका साथै प्रकृतिलाई नारीका रूपमा मानवीकृत गरी प्रकृतिस्वरूपा नारीशक्तिको उपासना गरिएको छ ।

ऋग्वेदमा ईश्वरीय भूमिकामा रहेका शक्तिस्वरूपा नारीहरू संहारक, योद्धा, ऐश्वर्यप्रदायक, बुद्धिप्रदायक, धनशाली, वैवभदातृका रूपमा आएका छन् भने मानवीय गुणका नारीहरू ऐश्वर्यप्रदायक, संरक्षक, योद्धा र कल्याणकारी शक्तिका रूपमा आएका छन् । ब्रह्माका सत्, चित् र आनन्द रूप भएझैँ शक्तिका पनि सर्वदंशकी, चिदंशकी र आनन्दंशकी तीन रूप रहेको र यी तीन रूपलाई क्रमशः सम्धिनी, संवित् र ह्लादिनी शक्ति भनिएको पाइन्छ (चौलागाई, २०७७, पृ.२४४) । यस शक्तिका बारेमा बागाम्भृणी सूक्तमा चर्चा भएको छ ।

ऋग्वेदमा प्रकृतिको मानवीकृत स्वरूपमा उषा, सरस्वती, सूर्यालगायत रहेका देखिन्छन् ।  यहाँ नारीका यी स्वरूपलाई अत्यन्त श्रद्धा गरिएको छ र यिनीहरूको उपासना गरिएको छ । यहाँ उषालाई उत्तम, तेजस्वी, दानी, धन तथा महान् ऐश्वर्यले युक्त, उत्तम मार्ग देखाउने शक्तिका रूपमा उपासना गरिएको छ (ऋग्वेद, २०६३, पृ.४८-५०) । सरस्वतीलाई ऐश्वर्यप्रदायक, संरक्षक, योद्धा र कल्याणकारी शक्तिका रूपमा उपासना गरिएको छ (ऋग्वेद, २०६३, पृ.३) । नारीशक्तिका विभिन्न स्वरूपको उपासना गरेर उनीहरूलाई शक्तिशाली, बलशाली र सर्वोच्च शक्तिका रूपमा आराधना गरिएको अवस्थाले त्यस समाजमा रहेको नारीप्रतिको उच्च सम्मान र आस्थालाई चित्रित गरेको छ ।

ऋग्वेदमा लोपामुद्रा, अनुसूया, अपाला, घोषा, रोमशा, शाश्वतीलगायत मानवीय स्वरूपका नारीहरू आएका छन् । मानवीय स्वरूपमा आएका यी नारी पनि ईश्वरीय गुण र क्षमतायुक्त देखिन्छन् । यहाँ लोपामुद्रा स्वतन्त्र र स्वच्छन्द जीवन बिताउने निर्भीक नारीका रूपमा उपस्थित भएकी छन् भने अपाला दयावान् र परोपकारी स्त्रीका रूपमा उपस्थित भएकी छन् । त्यस्तै छालाको रोग लागेकै कारण पतिपरित्यक्ता हुन पुगेकी अपालाले प्रस्तुत गरेको मानवीय उदात्तता, घोषाद्वारा प्रस्तुत बुद्धिमता लगायतले तत्कालीन समाजमा नारीको स्वायत्त, स्वच्छन्द र उदात्त स्वरूपलाई प्रस्तुत गरेका छन् ।  यी नारीहरूका जीवनयथार्थ र उनीहरूका सामाजिक अवस्थाले विवाहसंस्थाको उत्पत्ति हुनुभन्दा पूर्व नारी र पुरुषबिच स्वच्छन्द यौनसम्बन्ध रहेको सामाजिक अवस्थादेखि महाबलीप्रथा, बहुपतिप्रथा, बहुपत्नीप्रथा हुँदै एकनिष्ठ विवाहपद्धतिको विकास भएको सभ्य समाजव्यवस्थासम्मको समाजका विभिन्न चित्र प्रस्तुत गरेका छन् । नारीका ईश्वरीय स्वरूप, प्रकृतिको मानवीकृत नारीरूप र मानवीय स्वरूपले मातृप्रधान समाजदेखि पातिव्रत्यमा आधारित पितृसत्तात्मक सामाजिक अवस्थालाई प्रस्तुत गरेका छ ।

## ६. ऋग्वैदिक समाजमा नारीका सामाजिक भूमिका

ऋग्वैदिक समाजमा नारीहरूले विभिन्न सामाजिक भूमिका निर्वाह गरेका छन् । त्यस समाजमा गरिएको नारीशक्तिको आराधना र उपासनाले त्यस समाजमा नारीहरू सर्वोच्च शक्तिका रूपमा पुज्य थिए भन्ने प्रमाण प्रस्तुत गरेका छन् भने पुरुषसँगको साहचर्यका सन्दर्भमा नारीमा निहित चयन र त्यागको स्वतन्त्र अधिकार, ज्ञानका क्षेत्रमा नारीको उपस्थिति, युद्धमा नारीहरूको सहभागिता लगायतले त्यस समाजमा नारीहरूको सामाजिक स्थान सम्मानजनक थियो भन्ने आधार प्रदान गरेका छन् । यहाँ आएका लोपामुद्रा, अपला र उर्वशी पात्रहरूले ऋग्वैदिक नारीको चरित्रलाई प्रतिनिधित्व गरेका छन् (पट्टनायक, सन् २०१९) । सन्तको जीवन बिताउने लक्ष्यलाई त्यागेर श्रीमती लोपामुद्रासँगको सहवासका लागि धर्मविपरीत चोरी गरेका अगस्त्य, अपालालाई छालाको रोग लागेका कारण परित्याग गर्ने श्रीमान् कृशाश्व र उर्वशीसँग शारीरिक रूपमा आशक्त बनेको पुरुरवा यी तीन पुरुषहरू फरक फरक व्यक्तित्वले युक्त भएका तर नारीपात्रहरू भने सांसारिक र भौतिक जीवनमा संलग्न सहज जीवनप्रवृत्तियुक्त देखिएको र यो परम्परागत परिवृत्तमा वर्तमानसम्म पनि यथावत नै रहेको छ (पट्टनायक, सन् २०१९) भन्ने पट्टनायकको धारणा छ । ऋग्वेदमा महिला ऋषिका ऋचाहरूमा व्यक्त भएको चिन्तन र दृष्टिकोणले उनीहरू बौद्धिक, चिन्तनशील र विनयी भएको प्रमाण पेश गरेका देखिन्छन् ।

ऋग्वेदका रचनाकार वा मन्त्रद्रष्टाका रूपमा एक सय असी जना ऋषि रहेका छन् जसमध्ये बाइस जना जति मात्र महिला ऋषि रहेका छन् । महिला र पुरुष ऋषिहरूको सङ्ख्यामा रहेको यस स्थितिले त्यस समाजमा महिला र पुरुषका बिच रहेको भिन्नतालाई चित्रित गरेको छ । सङ्ख्यात्मक रूपमा पुरुषका तुलनामा महिला ऋषिहरू अत्यन्त न्यून हुनुले त्यस समाजमा नारीको सामाजिक स्थान पुरुषसमान थिएन भन्ने तथ्य प्रस्तुत गरेको छ । त्यहाँ रहेको कुमारीहरूको व्रतबन्ध गर्ने, वेद अध्ययनको आरम्भ गर्ने र गायत्रीको उपदेश दिने प्रचलन रहेको अवस्थाले त्यस समयमा नारीहरूलाई शिक्षा प्राप्त गर्ने अवस्थालाई भने चित्रित गरेको छ तर उपर्युक्त सन्दर्भले पुरुषसमान अवसर भने नारीलाई नरहेको तथ्यलाई पनि पुष्टि गर्दछ । समाजविकासकै क्रममा क्रमशः एकनिष्ठ विवाह र एकनिष्ठ परिवार जस्ता संस्थाहरूको उत्पत्ति र विकास भएपछि नारीहरूको सामाजिक स्थान र भूमिका खस्किँदै गएको प्रमाण पनि ऋग्वेदकै ऋचाहरूमा प्रस्तुत भएका छन् । अपालालाई पतिद्वारा छालाको रोगी भएकै कारणले त्याग गरिएको सन्दर्भ, सौता सौताबिच आपसी ईर्ष्याको सन्दर्भ, श्रीमतीलाई पटक पटक दान दिइएको सन्दर्भ लगायतले नारीको गरिमामयी सामाजिक स्थान समाजपरिवर्तनको गतिसँगै क्रमशः कमजोर बन्दै गरेको अवस्थाको पुष्टि गरेका छन् । ऋग्वैदिक समाजमा नारीका मुख्य सामाजिक भूमिकालाई निम्न उपशीर्षकमा राखेर विश्लेषण गरिएको छ :

### क. मन्त्रद्रष्टाका रूपमा नारी :

ऋग्वेदका हजारौँ मन्त्रहरूमध्ये केही मन्त्रहरूका द्रष्टा महिला ऋषिहरू भएको तथ्यले त्यस समयमा महिलाको शैक्षिक स्थिति पुरुषसमान नभए पनि केही मात्रामा विकसित थियो र केही नारीहरू शास्त्रार्थ गर्न सफल थिए भन्ने प्रष्ट हुन्छ । वैदिक अदीति, अपाला, इन्द्राणी, उर्वशी, गोधा, घोषा, नुहू, यमी, रोमाशा, लोपामुद्रा, वाक्, विश्ववारा, शची शाश्वती, शरमा सूर्या जस्ता कालमा द्विजातीय स्त्रीहरूले पुरुषसरह वेद आदि शास्त्रको अध्ययन गरेर ज्ञानआर्जन गरेको इतिहास पाइन्छ (काफ्ले, २०८०, पृ. ६३) । ऋग्वेदमा

मन्त्रद्रष्टा ऋषिका रूपमा लोपामुद्रा (प्रथम मण्डलको १७९औँ सूक्त), घोषा (दसौँ मण्डलको ३९ र ४० औँ सूक्त), विश्ववारा (पाँचौँ मण्डलको २८औँ सूक्त), अपला (आठौँ मण्डलको ९१औँ सूक्त), सूर्या (दसौँ मण्डलको ८५औँ सूक्त), वागाम्भृणी (दसौँ मण्डलको १२५औँ सूक्त) लगायतका महिला ऋषिहरूले विभिन्न ऋचाहरू साक्षात्कार गरेका छन् । आफैले रचना गरेका नभई तपस्या र ज्ञानमार्गबाट दर्शन भएका हुनाले यी ऋषिहरू वेदका ऋचाहरूका स्रष्टा नभई द्रष्टा हुन् । मन्त्रद्रष्टा महिला ऋषिहरूमध्ये शरीरमा कुष्टरोग लागेकाले पतिबाट परित्यक्ता भएकी अपाला अत्रिकी छोरी र कृशाश्वकी पत्नी हुन् । उनी इन्द्रले प्रदान गरेको जडिबुटीबाट स्वस्थ भएकी देखिन्छिन् । यिनले आठौँ मण्डलको ९१औँ सूक्तका सातवटा मन्त्रहरूको साक्षात्कार गरेकी छन् । यस सूक्तको छैटौँ श्लोकमा भनिएको छ :

*असौ च या न उर्वरादिमां तन्व१ मम*
*यथो ततस्य यच्छिरः सर्वा ता रोमशा कृधि ॥६॥*

तिमी हाम्रा यस उर्वर भूमि, हाम्रो यो शरीर र रचयिताका मस्तिष्कलाई अङ्कुरणशील या आनन्दित गराऊ (ऋग्वेद, २०६३ : ७३८) ।

उपर्युक्त मन्त्रमा छालाको रोगले पतिबाट बहिष्कृत भएपछि इन्द्रको उपासना गरेकी अपलाले आफ्ना लागि भन्दा पहिला यस धर्तीका लागि र यसका रचयिताका लागि आराधन गरेकी छन् । यसबाट उनमा रहेको सामूहिकताको चेतनाका साथै उन्नत र परिष्कृत बौद्धिकता प्रष्टिएको छ । ऋग्वेदमा मन्त्रद्रष्टाका रूपमा आएका यी नारीहरूमध्ये काक्षीवती घोषा, अपाला, सूर्या, यमी, उवर्शी र लोपामुद्राले साक्षात्कार गरेका मन्त्रहरूले तत्कालीन समाजमा नारीको स्थान र भूमिकालाई पनि मिहिन ढङ्गले चित्रण गरेका छन् ।

**ख) ऐश्वर्यप्रदायक शक्तिका रूपमा नारी**

ऋग्वेदमा प्रकृतिलाई सरस्वतीस्वरूपा नारीका रूपमा लिई उनलाई ऐश्वर्यप्रदायक, पवित्रता, पोषण र बुद्धिमताप्रदायक शक्तिका रूपमा उपासना गरिएको छ र सर्वोच्च स्थान प्रदान गरिएको छ । ऋग्वेदको प्रथम मण्डलको तेस्रो सूक्तको दसौँ श्लोकमा सरस्वतीस्वरूपा नारीशक्तिको यसप्रकार आह्वान गरिएको छ :

*पावका नः सरस्वती वाजेभिर्वाजिनीवती । यज्ञं वष्टु धियावसुः ॥१०॥*

(सरस्वतीले पवित्र बनाउँछिन्, पोषण दिन्छिन् र उनी बुद्धिमतापूर्वक ऐश्वर्य दान गर्छिन् । उनै देवी सरस्वतीले ज्ञान र कर्मद्वारा हाम्रो यज्ञ सफल गराइदिऊन्) (ऋग्वेद, २०६३, पृ.३) ।

उपर्युक्त श्लोकमा पवित्रता, पोषण, बुद्धिमता र ऐश्वर्यप्रदायक शक्तिका रूपमा सरस्वतीको बन्दना गरिएको छ । यहाँ उनलाई सत्यमा लाग्न उत्प्रेरित गर्ने, शिक्षिका र ज्ञानप्रदायिनी मानिएको छ (वत्स, २०८०, पृ.३६) । उनको ज्ञान र कर्मले नै यज्ञ सफल हुने भन्ने भनाइले नारीहरूमा ज्ञानको असीमित भण्डार रहेको र तत्कालीन समाजमा उनीहरूले गर्ने कर्म सधैँ सत् र असल भएको अवस्थालाई चित्रित गरेको छ । यस्तै यज्ञको सफलता इडा, सरस्वती र मही त्रिदेवीहरू मात्र हुने भनाइले पनि तत्कालीन समाजमा नारीहरू ऐश्वर्य र सफलताको प्रतीकका रूपमा रहेको अवस्थालाई चित्रित गरेको छ । मेधातिथि कण्व ऋषिले देखेको प्रथम मण्डलको तेस्रो सूक्तको नवौँ श्लोकमा यज्ञको सफलताका लागि यी तीन देवीहरूलाई यसप्रकार आह्वान गरिएको छ :

*इडा सरस्वती मही तिस्रो देवीर्मयोभुवः । बर्हिः सीदन्त्वस्रिधः ।।९।।*

(इडा, सरस्वती र मही यी तीनै देवीहरू सुखदायी र कहिल्यै नसकिने खालका छन् । यी तीन देवीहरू नै हामीले ओछ्याएका कुशका आसनमा विराजमान होऊन्) ( ऋग्वेद, २०६३, पृ.११) ।

उपर्युक्त श्लोकमा यज्ञको सफलताका लागि त्रिदेवीलाई आवान गरिएको सन्दर्भले नारीहरूको सामाजिक स्थान र गरिमालाई चित्रित गरेको छ ।

**ग) योद्धाका रूपमा नारी**

ऋग्वेदमा ईश्वरीय स्वरूपका नारी र मानवीय स्वरूपका नारी दुवै योद्धा र संहारकका रूपमा देखिएका छन् । ईश्वरीय स्वरूपमा रहेकी सरस्वतीलगायत अन्य देवपत्नीहरू सुरक्षाप्रदायकका रूपमा आएका छन् भने प्रथम मण्डलको ११६औँ सूक्तको १३ औँ र १५औँ श्लोकमा विश्पला नामकी योद्धाको वर्णन गरिएको छ । राजासँग युद्धमा गएकी विश्पलालाई कुशाग्र बुद्धि भएकी नारीका रूपमा चित्रित गरिएको छ र युद्धका क्रममा उसको खुट्टा काटिएको सन्दर्भ यसप्रकार प्रस्तुत भएको छ :

*चरित्रं हि वेरिवाच्छेदि पर्णमाजा खेलस्य परितक्म्यायाम् ।*
*सद्यो जङ्घामायसीं विश्पलायै धने हिते सर्तवे प्रत्यधत्तम् ।।१५।।*

खेल राजाका पक्षमा गरेर युद्ध गरेकी विश्पला नामकी स्त्रीको गोडो युद्धमा काटिएर चराको प्वाँख खसेझैँ झऱ्यो । रातका समयमा तिमीहरूले त्यस विश्पलालाई अर्को युद्ध सुरु हुँदा आक्रमण गर्न सक्ने गरी फलामको गोडो लगाएर तयार राख्यौ ( ऋग्वेद, २०६३, पृ.१२३) ।

उपर्युक्त मन्त्रमार्फत ऋग्वैदिक समाजमा नारीहरू सुख र समृद्धिका आधारका रूपमा मात्र मान्य थिएनन् उनीहरू समाजका योद्धा, सुरक्षाकर्मी र पहरेदार पनि थिए भन्ने पनि स्पष्ट भएको छ। त्यस समाजमा शत्रुहरूसँग लड्ने र विजय प्राप्त गर्ने कार्यमा नारीशक्ति अग्रस्थानमा रहेका थिए भन्ने यथार्थ यहाँ प्रस्तुत भएको छ । ईश्वरीय स्वरूपमा आएकी नारीशक्तिहरूको ऋग्वेदको प्रथम मण्डलको २२औँ सूक्तको १०औँ, ११औँ र १२औँ श्लोकमा यसप्रकार आह्वान भएको छ :

*आ ग्ना अग्न इहावसे होत्रां यविष्ठ भारतीम् । वरूत्री धिषणां वहः ।।१०।।*

हे अग्निदेव देवपत्नीहरूलाई हाम्रो सुरक्षाका लागि लिएर आऊ । तिमी हाम्रो रक्षाका लागि अग्निकी पत्नी होत्रा, आदित्यकी पत्नी भारती, वरणीय वाग्देवी धिषणा आदि देवीहरूलाई पनि यहाँ लिएर आऊ ( ऋग्वेद, २०६३, पृ.१८) ।

उपर्युक्त श्लोकमा सामाजिक सुरक्षाका लागि नारीहरूलाई आह्वान गरिएको छ। यहाँ हाम्रो भनेर कुनै समूह वा समुदायलाई सङ्केत गरिएको छ। सुरक्षाका निम्ति नारीहरूलाई गरिएको निमन्त्रणाले उनीहरू समाजका पहरेदार, संरक्षकका साथै र योद्धाका रूपमा रहेका थिए भन्ने स्पष्ट हुन्छ। त्यस्तै १२औँ श्लोकमा भनिएको छ :

*इहेन्द्राणीमुप ह्वये वरुणानीं स्वस्तये । अग्नायीं सोमपीयते ।।११।।*

आफ्नो कल्याण र सोमपानका लागि हामी इन्द्रणी, वरुणपत्नी र अग्निपत्नीलाई आह्वान गर्दछौँ ( ऋग्वेद, २०६३, पृ.१८) ।

माथिको श्लोकमा आफ्नो सुरक्षाका लागि नारीशक्तिको आह्वान गरिएको छ साथै सोमपानका लागि पनि आग्रह गरिएको छ । यसले मनोरञ्जनका लागि पनि नारीहरूलाई पुरुषसमान हैसियत प्राप्त थियो भन्नेतर्फ सङ्केत गरेको छ । समाज विकासको निरन्तरताको सुरुवाती चरणमा रहेको नारीको स्थान  महत्त्वपूर्ण र शक्तिशाली  थियो र उनीहरू सृष्टिका संहारक र संरक्षणकर्ताका रूपमा रहेका थिए भन्ने सन्दर्भलाई जनाउन ऋग्वेदको दसौँ मण्डलको १२५औँ सूक्तमा वागाम्भृणी ऋषिद्वारा रचित आठवटा श्लोकहरू विशेष महत्त्वका छन् । यस सूक्तको चौथो श्लोकमा भनिएको छ :

*अहं राष्ट्री सङ्गमनी वसूनां चिकीतुषी प्रथमा याज्ञियानाम् ।*
*तां मा देवा व्यदधुः परुत्रा भूरिस्थात्रां भूर्यावेशयन्तीम् ॥३॥*

जगदीश्वरी, धनप्रदात्री, ज्ञानवती र यज्ञका उपयोगी देवतामा सर्वोत्तम वाग्देवी मै हुँ । मेरो स्वरूप विभिन्न रूपमा विद्यमान छ र आश्रयस्थान पनि विस्तृत छ । सबै देवताले भिन्न भिन्न रुपदे मलाई नै प्रतिपादन गर्छन् ( ऋग्वेद, २०६३, पृ.१८) ।

उपर्युक्त  श्लोकहरूमा नारी शक्तिको विश्वव्यापकता, सौर्य, शक्ति र सार्वभौमिकताको चित्रण पाइन्छ । यहाँ उनले जगदीश्वरी, धनप्रदात्री, ज्ञानवती आफू नै भएको, देवता र मानवले श्रद्धापूर्वक मनन गर्ने विचारका सन्देश आफूबाट नै प्रसारित हुने, आफू द्युलोक र पृथ्वी दुवैमा ब्यापक भएर रहने, सर्वोच्च स्थानको दिव्य लोक आफूले नै प्रकट गरेको, समस्त लोक बनाएर आफू वायुजस्तै सबै ठाउँमा विचरण गर्ने, आफ्नो महिमा स्वर्गलोक र पृथ्वीभन्दा पनि महान् भएको धारणा व्यक्त गरेकी छन् (ऋग्वेद, २०६४, पृ.१००४-१००५) । वाणीकी देवीका रूपमा रहेकी वागाम्भृणी देवी / ऋषिबाट व्यक्त भएका यी विचारहरूबाट एकातर्फ वाणीको महत्त्व र गरिमा प्रस्तुत भएको छ भने अर्कातर्फ तत्कालीन समाजमा रहेको नारीको सर्वोच्च र गरिमामयी सामाजिक अवस्था पनि प्रतिबिम्बित भएको छ । यी श्लोकहरूले तत्कालीन समाजमा मातृसत्ता प्रबल थियो र सामाजिक महत्त्वका निर्णयहरूमा नारीको भूमिका निर्णायक रहन्थ्यो भन्ने यथार्थलाई पनि देखाएका छन् ।

**घ. पारिवारिक भूमिकामा नारी**

ऋग्वेदमा प्राचीन पारिवारिक व्यवस्थाको अति प्राचीन अवस्था र विकसित हुँदै गरेको र भएको पारिवारिक स्वरूप गरी तीन भिन्न अवस्था र स्थितिको चित्रण भएको देखिन्छ । यस ग्रन्थको दसौँ मण्डलको १०औँ सूक्तमा प्रस्तुत यम यमी सम्वादमा नारीपुरुष सम्बन्धको त्यस्तो प्राचीन अवस्था देखिन्छ जुन समयमा एउटै आमाबाट जन्मिएका नारी पुरुषबिच यौनसम्बन्ध मान्यतामा थियो । वर्तमानका आँखाबाट त्यो सम्वादलाई हेर्दा यमी दोषी ठहरिए तापनि उनीहरूबिच भएका सम्वादमा यमी तर्कशील देखिएकी छ । आफ्ना इच्छा र आकाङ्क्षाका सन्दर्भलाई यमीले यसप्रकार अभिव्यक्त गरेकी छ :

*उशन्ति घा ते अमृतास एतदेकस्य, चित्त्यजसं मर्त्यस्य ।*
*नि ते मनो मनसि धायृस्मे जन्युः पतिस्तव१मा विविश्या ॥३॥*

हे यम यद्यपि मानिसमा त्यस्तो संयोग त्याज्य छ तापनि देवशक्तिलाई यस किसिमको संसर्गको रहर हुन्छ । मेरो इच्छा तिमी पनि अनुसरण गर । पतिका रूपमा तिमी नै मेरा लागि उपयुक्त छौ (ऋग्वेद, २०६३, पृ.८५५) ।

उपर्युक्त मन्त्रमा आफ्ना इच्छा र आकाङक्षालाई निर्धक्कसँग अभिव्यक्त गरेर आफ्ना दाजु या भाइसँग शारीरिक एकत्वको कामना गरेकी यमीका स्पष्ट दृष्टिकोणबाट त्यस समाजमा नारीहरू आत्मनिर्णय र छनोटका लागि स्वतन्त्र रहेको अवस्थालाई देख्न सकिन्छ । यसले अति प्राचीन समाजमा दिदीबहिनी र दाजुभाइबिच यौनसम्बन्ध स्वीकार्य भएको सामाजिक अवस्था र नारीहरू यौनसाथीको चयन गर्न स्वतन्त्र रहेको अवस्थालाई चित्रित गर्दछ । मोर्गन र एङ्गेल्सले हाडनाताभित्र विवाहसम्बन्ध स्थापित हुने गरेको समाज बर्बर युग हो भन्ने मान्यता प्रस्तुत गरे अनुसार यो सम्वादको समय पनि बर्बर युग हो भन्ने अनुमान गर्न सकिन्छ । त्यस्तै ऋग्वेदमा पुरुरवा एल र उर्वशीद्वारा साक्षात्कार गरिएको दसौँ मण्डलको ९५ औँ सूक्तका सम्वादले त्यस समाजको प्राचीनतालाई सङ्केत गरेको छ जुन समयमा हाडनाताभित्रको यौनसम्बन्ध स्वीकार्य थियो । सोम र इलाका पुत्रका रूपमा पुरुरवा जन्मिएको, उनी जन्मिएको केही समयपछि सोमलाई त्यस समयको चलनअनुसार इलाको योनीमा रक्तबलि अर्पण गरेर जीवन समाप्त गरिएको र केही समयपश्चात स्वयं इलालाई पनि त्यहाँकी मातृकामा बलि चढाइएको, पुरुरवालाई इलाकी आफन्तले हुर्काएको, पुरुरवा गाइवस्तु चराउनका लागि गन्धमादन हुँदै अमरावती पुगेको र त्यहाँबाट इन्द्रलोक पुग्दा इन्द्रसँग नाचिरहेकी अप्सरालाई भेटेको र उनीहरूबिच गाढा प्रेम भएको र आफूलाई गाइवस्तु चराउन सन्तान आवश्यक परेकाले चार वर्षका लागि उर्वशीलाई 'जाया'का रूपमा राखेर सन्तान जन्माएको (दीक्षित, २०६९, पृ. ६२-६३) सन्दर्भले त्यसबेला नारीपुरुषबिच स्थायी सम्बन्ध स्थापित हुने गरी विवाह संस्था विकसित नभइसकेको अवस्थालाई चित्रित गरेको छ । निश्चित समयका लागि सन्तान जन्माउन पुरुरवासँग बसे तापनि त्यस सम्बन्ध सधैँभर नरहने उर्वशीको निम्न भनाइले नारीपुरुषबिच स्थायी एकत्वको सुरुवात नभएको समाजको चित्रण गरेको छ :

*त्रिः स्म माह्नः श्नथयो वैतसेनोत स्म मे व्यत्यै पृणासि ।*
*पुरुरवोनु ते कितमायं राजा मे वीर तन्वस्तदासीः ।।५।।*

हे पुरुरवा दिउसो तिमीले मलाई तीन बन्धनले बाँधेका थियौ । अन्य कुनै वीरताहीन र प्रजननसामर्थ्य नभएकासित मेरो प्रतिद्वन्द्विता नै थिएन । त्यसै अभिप्रायले मैले तिम्रा शरीरअनुसारकै आश्रय पाउँथेँ । त्यति बेला पनि मेरा शरीरमा मेरै अधिकार थियो (ऋग्वेद, २०६३, पृ.९६८) ।

उपर्युक्त मन्त्रमा जुनसुकै समयमा आफ्नो शरीरमाथि आफ्नै अधिकार भएको उर्वशीको भनाइले त्यस युगमा रहेको नारीस्वतन्त्रताको अवस्थालाई सङ्केत गरेको छ ।  यसले तत्कालीन समाज मातृकाप्रधान भएको र नारीलाई वरण र त्यागको स्वतन्त्र अधिकार भएको अवस्थालाई चित्रित गरेको छ । आफ्नो शरीरमाथिको अधिकार आफूमा नै रहेको उर्वशीको भनाइले नारीस्वतन्त्रता र छनोटको अधिकारलाई देखाएको छ ।

ऋग्वैदिक समाजमा हाडनाताभित्रका यौनसम्बन्धदेखि बहुविवाह र एकनिष्ठ विवाहसम्मका विभिन्न आयामहरू चित्रित भएका छन् । अत्रि ऋषि र अनुसूयाकी छोरी अपाला रोगी भएकै कारण परित्यक्ता

भएको (पौड्याल, २०७७, पृ. ३८६) सन्दर्भले ऋग्वेदकालीन समयको उत्तरवर्ती चरणमा निजी सम्पत्ति, एकनिष्ठ विवाह र परिवार जस्ता संस्थाहरूको उत्पत्ति र विकास पनि भइसकेको सन्दर्भलाई सङ्केत गरेको छ । यस समयमा छोरा सन्तानलाई अंशको र वंशको उत्तराधिकार मान्ने प्रचलनका साथै बहुविवाह र दाईजो जस्ता प्रथाहरू क्रमशः विकसित भई नारीको सामाजिक स्थान खस्कँदो क्रममा थियो भन्ने यथार्थ दसौँ मण्डलको १४५औँ सूक्तमा इन्द्राणी ऋषि र १५९औँ सूक्तमा शची पौलोमीका सौतालाई पराजित गर्ने र पराक्रमी पुत्र प्राप्त गर्न चाहने सन्दर्भबाट प्रष्ट देखिन्छ ।

समग्रमा ऋग्वैदिक समाजव्यवस्थाभित्र आदिम साम्यवादी सामूहिक प्रणालीबाट समाज क्रमशः बर्बर युग हुँदै वैज्ञानिक विकास र सभ्यतातर्फ अगाडि बढेको र यही बिन्दुमा सामूहिकताको अन्त्य भई व्यक्तिगत उत्पादन र उपभोगपद्धतिको स्थापनासँगै समाजमा सामन्तवादी उत्पादनव्यवस्था र पितृसत्ताको भ्रुण विकसित हुँदै गरेको अवस्था देखिन्छ । यसले समाजमा नारीका श्रीमती, सौतालगायत नयाँ भूमिका स्थापित गरेको देखिन्छ । जमिनबाट उत्पादित वस्तु तथा सेवाहरूको सञ्चितिले उदय भएको उत्तराधिकारीको पहिचान र सन्चित सम्पत्तिको पुस्तागत हस्तान्तरणको अभिप्रायद्वारा स्थापित व्यवस्थाले लिङ्गगत विभेद र उत्पीडनको शृंखला क्रमशः स्थापित हुन थालेको सङ्केत श्रीमती र सौताको भूमिकामा रहेका क्रमशः सूर्या (दसौँ मण्डलको ८५औँ सूक्त) र शची पौलोमी (दसौँ मण्डलको १५९औँ सूक्त)को भूमिकाबाट चित्रित भएको छ ।

## ७. निष्कर्ष

ऋग्वैदिक समाजमा नारीको सामाजिक स्थान र भूमिका पनि समयक्रमअनुरूप गतिशील रहेको देखिन्छ । ऋग्वैदिक युगले समाज आदिम जङ्गली युगबाट अगाडि बढेर बर्बर युगको उन्नत चरणमा आइपुगेपछिको अवस्थादेखि वैज्ञानिक सभ्य समाजतर्फ अघि बढिरहेको समाजिक विकासको गतिलाई चित्रित गरेको हुनाले यसले विवाह संस्थाको उत्पत्ति हुनभन्दा पूर्व मातृवंशमा आधारित रहेको स्वतन्त्र र स्वेच्छापूर्ण यौनजीवनमा आधारित नारीजीवनदेखि वंशको पहिचानका लागि एकनिष्ठ विवाहपद्धतिको बाटोमा अगाडि बढ्दै पातिव्रत्यमा आधारित जीवन र यसमार्फत निर्वाह गर्नुपर्ने भूमिकाभित्र आबद्ध हुँदै गरेको नारीजीवनको चित्रण गरेको छ । ऋग्वेदमा हजारौँका सङ्ख्यामा रहेका सूक्तहरूमध्ये केवल बाइसवटा सूक्तहरूका मन्त्रद्रष्टाका रूपमा मात्र महिला ऋषिहरू रहने अवस्थाले पक्कै पनि नारी र पुरुषको समान सामाजिक स्थान र भूमिकालाई चित्रित गर्दैन । यद्यपि आद्यनारीका रूपमा नारीशक्तिको उपासना, ऐश्वर्यप्रदायकका साथै संरक्षक र संहारकका रूपमा नारीशक्तिको स्तुति र बन्दना, शास्त्रार्थ वा शिक्षा क्षेत्रमा नारीहरूको उपस्थिति, उनीहरूले शिक्षा, सुरक्षा लगायतमा निर्वाह गरेको भूमिकाका साथै नारीहरूमा रहेको चयन र वरणको स्वतन्त्र अधिकार, अस्तित्वपूर्ण जीवनयापनको अवस्थालगायतले समाजमा नारीहरूको गरिमापूर्ण र सम्मानजनक सामाजिक अवस्थालाई सङ्केत गरेका छन् । तत्कालीन समाजमा रहेको नारीहरूको यो सम्मानजनक सामाजिक स्थान र भूमिका समाजविकासका क्रममा एकनिष्ठ विवाह र परिवारजस्ता संस्थाको विकास भएपछिको समयमा भने क्रमशः खस्किँदै जान सुरु गरेको अवस्थाको सङ्केत पुरुषइच्छामा आधारित पत्नीत्यागको सन्दर्भ, नारीहरूका लागि स्थापित भएका पातिव्रत्यका अवधारणा, पुरुषहरूका लागि मात्र स्वीकार्य हुन थालेको बहुविवाहको सन्दर्भ लगायतमा देख्न सकिन्छ ।

**सन्दर्भसामग्री सूची**


आचार्य, नारायणप्रसाद (२०७३), *पौरस्त्य दर्शनमा भौतिकवाद,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ऋग्वेद, (२०६३), तिलकप्रसाद लुइटेल (अनु.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

एङ्गेल्स, फ्रेडरिक (२०४४), *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति,* (राजेन्द्र मास्के, अनु.), काठमाडौँ : प्रगति प्रकाशन, (मूल कृति प्रकाशन सन्. १८८४) ।

काफ्ले, प्रियवूँवदाम्बा (२०८०), "समाजमा नारीको आध्यात्मिक भूमिका र चुनौती", *समाज अन्वेषण,* १/१, पृ.६३-६९ ।

चट्टोपाध्याय, देवीप्रसाद (सन् १९९०), *प्राचीन भारत में भौतिकवाद,* नयी दिल्ली : पिपुल्स पब्लिसिंग हाउस ।

चौलागाई, प्रेम (२०७७), "वैदिक साहित्यमा नारी", *भृकुटी,* पृ.२४०-२६५ ।

दीक्षित, मदनमणि (२०६९), *ऋग्वैदिक नारी चरित्र,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

नेहरू, जवाहरलाल/Jawahral Nehru (1994), *The Discovery Of India* (Centenary Edition), Delhi : Oxford University Press. (First published 1946)

पट्टनायक, देवदत्त/Pattanaik, Devdutta (2019), "Three Vedic women", https://mumbaimirror.indiatimes.com/others/sunday-read/porters-and-pathogens/articleshow/67507732.cms .

पौड्याल वीणा (२०७७), "वैदिक समयका नारीहरू", भृकुटी, पृ.३८५-३८७ ।

प्रपन्नचार्य, डा.स्वामी (२०६७), *वेदमा के छ ?,* ललितपुर : साझा प्रकाशन ।

ब्लुमफिल्ड, म्याचुरे/Bloomfield, Maurice (1908), *The Religion Of The Veda : The Ancient Religion Of India*, G. P. Putnam's Sons, New York and London.

भुसाल, वेदुराम (२०७७), *वैदिक समाज र दर्शन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मार्क्स, एङ्गेल्स/Marx, Angels (1846 /1998), *The German Idology*, Newyork : Pramithus Books.

वत्स, नारायण (२०८०), *वैदिककालीन नारीको परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।